## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल फागुन १८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | स्थानीय तहका कर्मचारी व्यवस्थापन तथा कार्यालय सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने । |
| २. | (क) स्थानीय तहहरूलाई आर्थिक वर्ष ०७७/७८ मा प्रदान गरिएको प्रदेश समपूरक तथा विशेष अनुदानका अधुरा आयोजना/कार्यक्रमको दायित्व व्यवस्थापनका लागि प्रदेश समपुरक अनुदान तर्फका आयोजना/ कार्यक्रमका लागि कुल रु. ३ करोड ५२ लाख ७८ हजार र विशेष अनुदान तर्फका आयोजना/ कार्यक्रमका लागि कुल रु.१ करोड १५ लाख ६७ हजार गरि कुल रु.४ करोड ६८ लाख ४५ हजार बराबरको रकम सशर्त अनुदान बापत सम्बन्धित स्थानीय तहमा निकासा गर्ने।<br>(ख) खण्ड (क) बमोजिम प्रदान गरिने सशर्त अनुदान वापतको रकम एकै किस्तामा निकासा दिने। |
| ३. | "प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८" को मस्यौदालाई स्वीकृत गर्ने। |
| ४. | "सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरा वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७८" मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समितिमा छलफल गरी पेश गर्ने। |
| ५. | प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा १३ बमोजिम रकम निकासा गर्ने तथा सम्बन्धित जिल्ला समन्वय अधिकारी र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिन स्वीकृति दिने । |
| ६. | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (शिक्षा क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा १३ बमोजिम आयोजना स्वीकृत गरी सम्बन्धित जिल्ला समन्वय अधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई रु. ६९ करोड २७ लाख ३० हजार मात्र अख्तियारी दिन स्वीकृति दिने। |
| ७. | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा १३ बमोजिम रकम निकासा गर्न र सम्बन्धित जिल्ला समन्वय अधिकारी र स्थानीय तहहरूको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिन स्वीकृति दिने। |
| ८. | "सामुदायिक तथा गैर नाफामूलक अस्पताललाई पुँजीगत सुधार/विस्तार अनुदान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" स्वीकृत गर्ने। |
| ९. | "वातावरण संरक्षण नियमावली, २०७८" मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समितिमा छलफल गरी पेश गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल फागुन ११ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | लदी पर्वको उपलक्ष्यमा मिति २०७८ साल फागुन १७ गते मंगलवार (प्रत्येक वर्षको फागुन महिनाको तेस्रो मंगलवार) का दिन बागमती प्रदेश भर सम्बन्धित समुदायलाई सार्वजनिक बिदा घोषणा गर्ने। |
| २. | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम(स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा १३ बमोजिम रकम निकासा गर्न र सम्बन्धित जिल्ला समन्वय अधिकारी र स्थानीय तहहरूको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिन स्वीकृति दिने। |
| ३. | विद्युतीय माध्यमबाट यात्रुबाहक सार्वजनिक सवारीसाधनको नगद रहित भाडा भुक्तानीका लागि सेवा प्रदायक छनौट गर्ने मूल्याङ्कनका आधारहरू संशोधन गर्ने। |
| ४. | प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश पोल्ट्री विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| ५. | प्रादेशिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गतका संलग्न २९ वटा कार्यक्रमहरूको कुल रकम रु.६,०२,५०,०००।-(अक्षरेपि छ करोड दुई लाख पचास हजार रुपैयाँ) सर्शत अनुदान स्वरूप स्थानीय तहहरू मार्फत कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल फागुन ५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | (क) प्रदेश यातायात सञ्चालन व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक श्री जगदिश चन्द्र ढुङ्गानाले पदबाट दिएको राजीनामा मिति २०७८/११/१० देखी लागू हुने गरी स्वीकृत गर्ने।<br>(ख) निजले हालसम्म गरेको सेवाको लागि धन्यवाद दिने। |
| २. | १. यसै साथ संलग्न "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर" स्वीकृत गर्ने।<br>२. "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर" मिति २०७८/११/०४ गतेको अतिरिक्ताङ्कको रूपमा राजपत्रमा प्रकाशन गर्ने। |
| ३. | अवैतनिक सल्लाहकार र विज्ञ नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने |
| ४. | १. हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको नाममा रहेको हाल प्रयोगमा नआएको देहायका जग्गाहरू बागमती प्रदेश सरकारको नाममा ल्याउन नेपाल सरकारलाई अनुरोध गर्ने।<br>२. नापी भई कित्ता नम्बर खुलेका देहायका जग्गाहरू बागमती प्रदेश सरकारको नाममा ल्याउन सिफारिसका लागि हेटौंडा उप-महानगरपालिका र जग्गा प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई लेखी पठाउने ।<br>३. नापी नभएका जग्गाहरू प्रचलित कानून बमोजिम बागमती प्रदेश सरकारको नाममा ल्याउनको लागि आवश्यक प्रक्रिया अघि बढाउन सिफारिसका लागि हेटौंडा उप-महानगरपालिका र जग्गा प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई लेखी पठाउने। |
| ५. | प्रदेश सभाका उपसभामुख मा. राधिका तामाङको अमेरिका भ्रमणको स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने । |
| ६. | मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश भएको "शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" स्वीकृति गर्ने। |
| ७. | साबिकको चरिकोट अस्पताल, दोलखालाई अब "पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट, दोलखा" नामाकरण गर्न स्वीकृति प्रदान गर्ने। |
| ८. | "स्वास्थ्य बिमा सम्बन्धी प्रदेश स्तरीय स्वास्थ्य बिमा संयोजन समितिको गठन तथा काम, कर्तव्य र अधिकार" स्वीकृत गर्ने। |
| ९. | प्रदेश युवा परिषद् ऐन,२०७६ को दफा ८ को उपदफा (६) बमोजिम उपाध्यक्ष श्री सन्तोष चौलागाँईलाई पदबाट हटाउने। |
| १०. | प्रथम प्रदेश खेलकुद प्रतियोगिता-२०७८ को आयोजना यही मिति २०७८ फागुन २८ गतेदेखि सञ्चालन गर्न स्वीकृति दिने। |
| ११. | "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) नियमावली,२०७६" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।